नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
( आर्थिक प्रशासन शाखा )

फोन नं.
५५२१७२७
५५२१७२८
५५४६७७०
पुल्चोक, ललितपुर

प.सं. २०६८/०६९
च.न २२२

मिति :– २०६८।८।२७

विषय :– गा.वि.स.को **Accounting Software** सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय, सबै (७५)

प्रस्तुत विषयमा गाउँ विकास समितिको कार्यालयहरुको आर्थिक कारोवार **Accounting Software** बाट राख्ने व्यवस्था मिलाउने सन्दर्भमा यस मन्त्रालयबाट **Accounting Software** निर्माण गर्ने कार्य सम्पन्न भै सकेको छ । चालु आ.व.०६८।६९ देखि नै **Piloting** को रुपमा केही गा.वि.स.हरुमा **Accounting Software** उपलब्ध गराई गा.वि.स.हरुको आर्थिक कारोवार **Software** बाट गर्न लगाउने र सम्बन्धित गा.वि.स. सचिवहरुलाई **Software** संचालन सम्बन्धी तालिम समेत दिने कार्यक्रम रहेको छ ।

**Accounting Software** निर्माण गर्न लाग्ने लागत यस मन्त्रालयले व्यवस्थापन गरेको साथै सो **Software** मन्त्रालयको स्वामित्वमा रहने र मन्त्रालयले गा.वि.स.हरुमा विना लागत **Accounting Software** उपलब्ध गराउँदछ । **Accounting Software** बाट आर्थिक कारोवार गरेपछि लेखापालनमा शुद्धता बढ्ने, आवश्यक प्रतिवेदन सजिलै प्राप्त गर्न सकिने, पारदर्शिता हुने र प्रतिवेदनमा एकरुपता आउने भएकोले सबै गा.वि.स.हरुमा क्रमशः **Software** बाट आर्थिक कारोवारको अभिलेख राख्ने व्यवस्था मिलाईने हुँदा यस विषयमा त्यस जिल्ला अन्तर्गतका सबै गा.वि.स.हरुलाई जानकारी गराई दिन हुनको लागि अनुरोध गरिन्छ । मन्त्रालयले सबै गा.वि.स.हरुलाई विना लागत **Software** उपलब्ध गराउने र सम्बन्धित कर्मचारीहरुलाई तालिम समेत दिने भएकोले गा.वि.स.हरुलाई अन्यत्रबाट **Accounting Software** खरिद नगर्न निर्देशन दिन हुन । साथै तालीम संचालन गरिने समय तालिकाको सम्बन्धमा जि.वि.स.मा जानकारी पठाइने व्यहोरा समेत अनुरोध गरिन्छ ।

..............................
देवी प्रसाद ज्ञवाली
उप-सचिव (लेखा)

बोधार्थ
श्री स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम
(कार्यक्रम समन्वय ईकाइ)
स्थानीय विकास मन्त्रालय ।